राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

**२०७८ साल मंसिर २२ गते बुधबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ७०औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

निर्णय नं. १. राक्सिराङ्ग गाउँसभाको एघारौं (हिंउदे अधिवेशन) मिति २०७८/०९/२८ गते बुधवार विहान ११ बजे आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. २ चालू आ.व २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका योजना/कार्यक्रम संशोधन तथा संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क) चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रमको तपसिलको शीर्षकलाई आगामी गाउँसभाबाट अनुमोदन हुने गरी तपसिल अनुसार संशोधन गर्ने ।

तपशिल:

| **सडक तर्फ:** | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **साविक योजना/बजेट शीर्षक विवरण** | **विनियोजित रकम रु.** | **संशोधन हुनुपर्ने योजना/बजेट शीर्षक विवरण** | **विनियोजित रकम रु.** |
| १ | राम कुवा सडक निर्माण, राक्सिराङ्ग-१ | ४,००,०००/ | राम कुवा गौदान सडक निर्माण, राक्सिराङ्ग-१ | ४,००,०००/ |
| २ | पलाँसे भुँइछाप हुँदै दुङथली सडक निर्माण, राक्सिराङ्ग-७ | ५,००,०००/ | पलाँसे भुँइछाप हुँदै दुङथली सडक निर्माण, राक्सिराङ्ग-६ | ५,००,०००/ |
| ३ | बाङराङ्ग चेक ड्याम निर्माण, राक्सिराङ्ग-६ | ३,५०,०००/ | बाङराङ्ग सडक स्तरोन्नती योजना राक्सिराङ्ग-६ | ३,५०,०००/ |
| ४ | नेवारपानी-कोलगैरी-दुङ्गु सडक स्तरीकरण योजना, राक्सिराङ्ग-१ | १०,००,०००/ | नेवारपानी-कोलगैरी-दुङ्गु सडक निर्माण योजना, राक्सिराङ्ग-१ | १०,००,०००/ |
| ५ | गडुवान आधामार सडक निर्माण र आधामार सडक निर्माण योजना, राक्सिराङ्ग-१ | ४,००,०००/ | गडुवान आधामार सडक निर्माण योजना, राक्सिराङ्ग-१ | ४,००,०००/ |
| ६ | कुंडुले वडा कार्यालय हुँदै रेम्किम बरेटार सडक मर्मत | ७,००,०००/ | बरेटार स्याङ्गतान टोल सडक निर्माण तथा काँइलाटोल सडक सरसफाई, राक्सिराङ्ग-२ | ७,००,०००/ |
| ७ | स्यामराङ्ग, बरेटार रिम्किम आँप बारी सडक स्तरीकरण | १०,००,००० | २ नं. वडा कार्यालय हुँदै रेम्किम बरेटार सडक स्तरोन्नति | १०,००,००० |
| ८ | घोरकोटे वडा कार्यालय, राक्सिराङ्ग ४ | ५,००,०००/ | घोरकोटे राक्सिराङ्ग वडा कार्यालय सडक, राक्सिराङ्ग ४ | ५,००,०००/ |

ख) यस गाउँपालिकाको स्थानीय गौरबको आयोजनाको रुपमा रहेको वोटबारी परेवाभीर सडक स्तरोन्नती कार्यको लागि यस कार्यालयद्धारा मिति २०७८ कार्तिक ४ गते बोलपत्र आव्हान गरिएकोमा तोकिएको समयावधिभित्र कुनैपनि आवेदन पर्न नआएको हुँदा सो सडकको कार्यलाई समयमै निर्माण सम्पन्न गराउनका लागि स्थानीय उपभोक्ताको लागत सहभागितामा संचालन गर्ने गरी पुन लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत् कार्यक्रम संचालन गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं ३ "राक्सिराङ्ग गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका २०७८" स्वीकृत गर्ने ।

निर्णय नं. ४ यस गाउँपालिका अन्तर्गत रहेको आयुर्वेद औषधालयको नाममा कायम रहेको साविक राक्सिराङ्ग–८ हाल राक्सिराङ्ग–५, ठाडेचुरीमा रहेको कि.नं. ७७६ ज.रो. १–९–०–० मा आयुर्वेद औषधालयको भवन निर्माणका लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम रु. एक करोड चालिस लाख रुपैयाँ प्रदेश सरकार तथा संघीय सरकार समक्ष बजेट माग गर्ने ।

देव चन्द्र ...
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

<u>निर्णय नं. ५</u> संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त यस गाउँपालिकाको लागि स्विकृत दरबन्दी अनुसार हालसम्म पदपूर्ति भई रिक्त रहेका दरबन्दीहरुमा स्थायी नियुक्तिको लागि माग फाराम भरी पठाउन प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौडाको प.सं. ०७८/७९ च.नं. १५४ मिति २०७८/०७/१३ को प्राप्त पत्रबाट माग भई आएकोले संलग्न सूची वमोजिमको स्थायी दरवन्दी खुला द्वारा पद पूर्तीको लागि प्रदेश लोकसेवा आयोग, बागमती प्रदेश, हेटौडामा पठाइएको माग फाराम अनुमोदन गर्ने ।

अनुसूची-१
(नियम ३ को उपनियम (१) संग सम्बन्धीत)
<u>रिक्त पदपूर्तिका लागि माग गर्दा भर्नुपर्ने फाराम</u>

माग गर्ने कार्यालयको नाम र ठेगानाः राक्सिराङ्ग गाँउपालिकाको कार्यालय, चैनपुर, मकवानपुर

| सि. नं. | माग पदको नाम | पदको तह | सेवा, समुह, उपसमुह | स्थायी/ अस्थायी | आवश्यक न्यूनतम शैक्षिक योग्यता | | संक्षिप्त कार्य विवरण र उम्मेदवारले शुरुमा काम गर्नुपर्ने जिल्ला | अघिल्लो दुई आ.व.मा माग भै पूर्ति हुन बाँकि संख्या | | यस आ.ब.को माग नयाँ पद सृजना वा रिक्त भै माग गरिएको संख्या | | कुल माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुल्लाको लागि | बढुवा को लागि | | आ.व.को | आ.व.को | नयाँ पद सृजना | रिक्त | | |
| १ | सहायक | ५औं | प्रशासन | स्थायी | | | वडा कार्यालयको प्रशासनिक कार्य/मकवानपुर | ०७६/७७ | ०७७/७८ | ✓ | | २ | |
| २ | सहायक | ५औं | नेपाल कृषि सेवा | | | | कृषि सम्बन्धी कार्य/ मकवानपुर | ०७६/७७ | ०७७/७८ | ✓ | | १ | |

<u>निर्णय नं. ६</u> तपसिलमा उल्लेखित करार सेवामा कार्यरत जनशक्तिको करार अवधि २०७८ मंसिर ०१ गते देखि समाप्त भएकोले म्याद समाप्त भएको मिति २०७८ मंसिर ०१ गतेबाट लागु हुने गरी २०७९ असार मसान्तसम्म थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

तपसिलः

| सि.नं. | करार कर्मचारीको नाम | पद | तह/श्रेणी | कार्यरत स्थल |
|---|---|---|---|---|
| १ | श्री शर्मिला कार्की | एम.आई.एस. अपरेटर | सहायक पाँचौ | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |
| २ | श्री सरिता थापा | फिल्ड सहायक | सहायक चौथो | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |
| ३ | श्री सिङ्गराम मुक्तान | फिल्ड सहायक | सहायक चौथो | राक्सिराङ्ग गाउँपालिकाको कार्यालय |

<u>निर्णय नं ७</u> यस गाउँपालिकाको शान्ति सुव्यवस्था तथा अमनचयन कायम गर्नको लागि पालिका क्षेत्रभित्र जम्मा २ वटा मात्रै प्रहरी चौकीहरु रहेको हुँदा सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै आपराधिक तथा अवाञ्छित कृयाकलापहरुमा वृद्धि भएको भनी जनगुनासो समेतमा बढोत्तरी भएको हुँदा प्रहरी चौकी स्थापनाको लागि जिल्ला सुरक्षा समिति मकवानपुर मार्फत् अनुरोध गर्ने ।

<u>निर्णय नं. ८</u> विविध शीर्षकमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) मकवानपुर जिल्ला खेलकूद विकास समिति, हेटौंडाबाट मिति २०७८।८।६ को पत्रबाट अनुरोध भई आए अनुसार प्रदेश खेलकूद विकास परिषद् बागमती प्रदेशबाट आयोजना हुने खेलकूद कार्यक्रममा यस गाउँपालिकाबाट समेत खेलाडी र टोलीलाई समावेश गराउनुपर्ने भएको हुँदा सो को लागि गाउँपालिका स्तरीय राक्सिराङ्ग गाउँपालिका युवा तथा खेलकूद विकास समितिलाई व्यवस्थापनका लागि हुने खर्च बापत प्रस्ताव बमोजिमको रु १,१५,००० उपलब्ध गराउने ।

ख) पार्सिवाङ्ग रुन्चेवाङ्ग टोलमा विद्युत प्रशारण लाइनको पहुँच नभएको हुँदा उज्यालोको लागि उक्त स्थानमा पेल्ट्रिक सेट निर्माण गर्नका लागि रु ६००००० उपलब्ध गराउने ।

ग) निर्वाचन आयोगद्धारा पालिकास्तरमा मतदाता नामावली संकलन गर्ने कार्यको लागि यस गाउँपालिकामा मिति २०७८ पौष ५ गतेदेखी संचालन हुने दर्ता कार्यको लागि सम्पूर्ण सरोकारवाला तथा राक्सिराङ्ग वासीलाई सहभागी हुन र सहयोग गर्न अपील गर्ने । उक्त मतदाता संकलनका लागि उमेर पुगेका र हालसम्म विविध कारणले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेका नागरिकहरुलाई नेपाली नागरिकता बनाइदिने कार्यमा सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई अनुरोध गर्ने ।

घ) यस गाउँपालिकाको स्थानीय गौरबको रुपमा रहेको निर्माणाधीन परेवाभिर सडक खण्डको Retaining Wall Structure को दीगोपना तथा मनहरी खोलाको बाढी बाट थप क्षति नदिई सुरक्षा गर्ने कार्यको लागि यस कार्यालयबाट भएको प्राविधिक अध्ययनको सिफारिस समेतका आधारमा खोलाको वहाव मार्गमा परिवर्तन गरी चेक ड्याम निर्माण कार्यको लागि आवश्यक सहजीकरणका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा सरोकारवाला निकायहरुलाई अनुरोध गर्ने ।

ङ) कोभिड १९ को विश्वव्यापी महामारीको तेस्रो लहरबाट बच्नका लागि आवश्यक सुरक्षा सतर्कता अपनाउनका लागि आम नागरिकलाई अपील गर्ने तथा कोभिड १९ विरुद्धको खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि खोप कार्यक्रम तथा अभियानलाई अझै विस्तार गर्दै लैजाने ।

च) राक्सिराङ्ग गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७८।८।८ गतेको २०औं बैठकबाट भएको निर्णय नं ३ बमोजिमको निर्णयलाई अनुमोदन गरियो ।

छ) राक्सिराङ्ग गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह एवं गुनासो सम्बोधनका लागि विगत वर्षमा झैं राक्सिराङ्ग आवाज रेडियो कार्यक्रम संचालन गर्ने प्रकिया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

ज) बहु प्रतिभाशाली विश्व कीर्तिमानी यात्री मनोज कुमार चन्द, बैतडी सिगास ९ लाइ प्रोत्साहन स्वरूप रु. २०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ गाउँ कार्यपालिकाको कार्यालय, राक्सिराङ, मकवानपुर, बागमती प्रदेश, नेपाल

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत